**२०८० पौष १३ गते, केन्द्रीय कार्य समितिमा राखेको बिचार**

प्रा डा गोविन्दराज पोखरेल
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

१। युवामा देशमा केहि हुन्छ भन्ने आशा हराएको छ। निराशा बढेको छ। आज हरेक घरवाट छोराछोरी बिदेशिने तरखरमा छन कोहि सधैका लागि कोहि कमाईका लागि। हामीले केहि नगरे पनि रेमिटेन्स बढेको छ तर बिस्तारै रेमिटेन्स पठाउनेका छोराछोरि युरोप अस्ट्रेलिया पुग्न थाले, यस्ले गर्दा पछि रेमिटेन्स पनि त्यतैलाग्ला। तर मुख्य समस्या आज उधोग, ब्यापार र सेवा क्षेत्रले मजदुर देखि चार्ट्रड एकाउन्टेन्ट जस्ता जनशक्ति नपाउने अवस्था सिर्जना भएको छ। जनशक्तिको अभाव, राजनीतिक, कानुनि र समन्वयको वातावरणको अभावका कारणले उधोग, सेवा क्षेत्र लगायतमा लगानी नबढेर र क्षेत्र पनि नफस्टाए पछि सरकारको आम्दानी पनि घटदै जाला। हामी बिस्तारै गरिबीको चक्रमा फस्दै छौ। हामी निकै कर्मकाण्डि भयौ। हामीले घोषणापत्र बनायौ आज त्यो कतै थन्किएको छ, तीनैतहका सरकारहरु आफ्नै ताल र सुरमा हिडेका छन। सबै तहका सरकारहरुले तुरुन्त रोजगारि सिर्जना गर्न नितिगत, संरचनागत, लगानी, सुसासन लगायतका सुधार गर्नका लागि पार्टीले निर्देशन दिनुपर्छ।

२। पछिल्लो केहि हप्ता देखि अर्थतन्त्रमा केहि झिनो सुधार देखिने आशा पलाएको छ। तर २०६८ साल पछि नेपाल सरकारको चालु खर्च बढने, पुजीगत खर्च घटने क्रम जारी छ। यस बर्ष पनि ११४२ अर्व चालु खर्च राख्दा पुजिगत बजेट जम्मा ३०२ अर्व राखिएको छ जुन गतसाल भन्दा करिव ७८ अर्बले कमि हो। यसरी निरन्तर पुजीगत खर्च घटने तर जनताका आकांक्षा बढदै गएको बेला कसरी आशा पुरा गर्न सकिएला? पुष १२ गते सम्म गतबर्ष पुजिगत खर्च ४१ अर्ब भएको थियो भने यो बर्ष पनि हिजो सम्म जम्मा ४१ अर्ब। यसको मतलब सरकारले पुजिगत खर्च बढाउन कुनै पनु सुधार गरेन।

बर्षौ देखि बहु बर्षीय ठेक्का दिने सहमति दिएर निर्माणाधिन रहेका आयोजना पुरा गर्न करिव ६००-७०० अर्ब छ जुन नेपाल सरकारले तिर्नै पर्छ। हाम्रो बजेटमा छुट्याएको पुजिगत खर्च जम्मा ३ खर्ब छ। करिव करिव ७ अर्ब त निर्माण भएका पुलको बिल तिर्न बाकि छ। जाजरकोट रुकुम लगायतका जिल्लामा पुनर्निर्माण गर्नुपर्ने करिब ९५,७८७ घरहरु (पुर्णक्षति ३४३४७ र आशिक क्षति ६१४४०), बिधालय, स्वास्थ्यक्षेत्रका भवन, सरकारी भवनहरु निर्माण गर्न करिब ७० अर्ब लाग्ने अनुमान गरिएको छ।

हामीले ऋण तिर्न ३०७ अर्ब छुट्याएका छौ तर करिव ३३० अर्ब यो बर्ष तिर्नु पर्छ, जुन बर्षेनी बढदै जानेछ। सामाजिक भत्ता (पेन्सन, ब ृदभत्ता आदी) २५२ अर्ब छ। प्रदेश र

स्थानीयतहलाई ५७२ अर्ब दिने भनेका छौ। यो जोडदा करिव ११५४ अर्ब हुने छ। गतसाल पुष १२ गते सम्म ३४६ अर्ब राजश्व उठौको र असार मसान्त सम्म जम्मा करिब ९५८ अर्ब उठेको थियो यो बर्ष पुष १२ सम्म ३८६ अर्ब उठि सकेको छ आसागरौ ११०० अर्ब पुग्ला। भनेपछि राजश्वले नै ऋण तिर्न, सामाजिक भत्ता र प्रदेस र स्थानीयलाई दिन पुग्दैन भने संघीय सरकारले गर्ने खर्च, पुजिगत बजेट कताबाट ल्याउने हो? यसको मतलब फजुल खर्च नघटाउने हो भने अनुत्पादक खर्च गर्नका लागि पनि बर्षेनी सार्बजनिक ऋण बढेर जाने भयो। ऋण २०७७-७८ मा १७३, ७८-७९ मा १८९ अर्ब, ७९-८० मा २३० अर्व यो बर्ष ३०७ बढदै गएको छ। अनि देशका गरिखाने र युवा बर्गमा कसरी “सुन्दर भविष्यको आशा” बाडन सकिएला?

३। पुनर्निर्माणका लागि लाग्ने रकम, जनशक्ति, संरचनाका बारेमा सरकारको योजना बाहिर आएसकेको छैन। राष्ट्रिय विपद न्यनिकरण तथा ब्यवस्थापन प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनका लागि आवश्यकाको प्रारम्भिक अनुमान गरेको छ। करिव ८० हजार नया घरहरु बनाउनु पर्ने छ। रुकुम जाजरकोटमा साधारण घर बनाउन करिव १२ लाख भन्दा बढि लाग्छ। सरकारले ५ लाख प्रति परिवार दिए पनि बाकि रकमा जनताले आफै ब्योहोर्नु पर्छ। दुर्गमा गरिबी ठाउमा ८० हजार घरपरिवारले बाकि ६० अर्ब भन्दा बढि रकम जनताहरुबाट योगदान हुनु पर्छ, त्यसैले भौतिक पुनर्निर्माण मात्र गरेर हुदैन आर्थिक पुनर्निर्माण पनि गर्नु पर्छ। घर बनाउन लाग्ने रकम सहुलियत ऋणबाट, रोजागारी सिर्जना गरेर जुटाउने उपायहरु पनि पुनर्निर्माणको योजनामा समेटन सरकारको ध्यान आकर्षण गारनु पर्छ। एउटा साधारण घर बनाउन २ जन दक्ष जनशक्ति र २ जना साधारण मजदुरलाई कम्तिमा ६ महिना लाग्छ। यो हिसाबले ३ बर्षमा ८० हजार घर बनाउन करिव २७ हजार दक्ष जनशक्ति र त्यति नै मजदुर ३ बर्ष सम्म खटिनु पर्छ। सरकारले त्याहाका जनतालाई बिदेशजान पर्ने बाध्यता अन्त्य गर्न र स्थानीय स्तरमै रोजागारी बढाउन तुरुन्तै सीपबिकासको कार्य थाल्नु पर्यो।

नेपालमा अझै करिव करिव १३ लाख घरहरु कच्चि छन। नेपाल भुकम्प लगायत बिभिन्न जोखिम भएको मुलुक हो। बर्षेनी करिव ६ हजार घरहरु प्राकृतिक बिपदबाट नष्टहुने गर्छन नेपालमा। त्यसैले बिपद पछि ठुलो धनजनको क्षति ब्यहोर्नु भन्दा अगाडिनै पुर्व तयारीका लागि राष्ट्रिय विपद न्यनिकरण तथा ब्यवस्थापन प्राधिकरणलाई कानुनी, नीतिगत, संरचनागत र स्रोतसाधनले बलियो बनाउनु पर्ने टडकारो आवश्यकता छ जस्ले गर्दा प्रदेस र स्थानीय सरकार र अन्य सरोकारवाला निकाय, संघ सस्थाहरुसंग समन्वय र सहकार्य गरि समयमा नै उद्दार, राहत र पुनर्स्थापन गर्न सकियोस।

अहिलेको पुनर्निर्माणमा केहि सुझाव अनुरोध गर्दछु।

a) प्रत्येक वार्डमा १ वर्षका लागि पहिले पुनर्निर्माणमा काम गरेका इन्जिनियरहरूलाई एक हप्ता भित्र राविन्यूब्य प्राधिकरण मार्फत खटाऔ र अस्थायी टहरा निर्माणमा तिब्रता दिऔ

b) निर्माण सामाग्री उत्पादनकर्ताहरूलाई प्रम र अमले बोलाई जाजरकोटरूकुम र आसपासका बजारमा निर्माण सामाग्री सहुलियत र सहजरूपले उपलब्ध हुने माहोल बनाईदिन अनुरोध गरौ

c) अर्थमन्त्रीज्युले बैदेशिक निकायहरू र अन्तराष्ट्रिय संस्थाहरूको बैठक राखि सहयोग परिचालन गर्न छलफल गर्दा राम्रो होला।

d) प्राधिकरण, भवन विभागको सहजिकरणमा तीनैतहका सरकारी निकाय, CTEVT र नेपालमा कार्यरत गैह्रसरकारी संस्थाहरूलाई हरेक वार्डमा डकर्मी र सिकर्मीको तालिम चाडो संचालन गर्न अनुरोध गरौ।

e) दुर्गम र असुरक्षित ठाउवाट स्वैक्षिकरुपमा बसाई सर्ने २०७४मा बनाईएको कार्य बिधि लागु गरौ

f) प्राधिकरण र केन्द्रीय भवन विभाग मार्फत स्थानीय निर्माण सामाग्री प्रयोग गरेर स्थानीय कला संस्कृति, परम्परा अनुसार बलियो र दरिलो भवनहरुका बिभिन्न आकारका (जस्तै १,२,३ तले, २,३,५ कोठे) डिजाइन र नक्साहरू तयार गरि स्थानीय जनता र मिस्त्रिहरूले बुझ्ने गरि सचित्र तयारि गरि पुस्तिकाहरू बनाई प्रभावित र अन्य छिमेकि जिल्लाहरूमा जतिसक्दो चाडो वितरण गरौ।

g) अर्थमन्त्रालय र राष्ट्रबैकले समन्वय गरेर सहुलियत भुकम्प पिडितलाई घर बनाउन ऋणको बिशेष ब्यवस्था गरौ

h) भुकम्प गएको क्षेत्रमा सरकार, नीजिक्षेत्र र अन्यसरोकारवालालाई बिशेष आर्थिक गतिविधिका कार्यक्रमहरु संचालनगर्न एउटा प्याकेज ल्याऔ। जस्ले गर्दा जनताले घर बनाउने रकम जुटाउन सक्नेछन।